# ECHO OF HIS CALL

# बोलावटको प्रतिध्वनि

NEPALI

ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE

REACHING NATIONS

India's National Spiritual Newspaper

₹ 10/-

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ

16 Languages

Associate Editors : Bro. BHUVAN DEVKODA
Bro. RAJ KUMAR BHANDARI

Vol. XXIII | MAY 2023 | No. 05


**पवित्र बाइबल**

**कृपया यो खण्ड कण्ठ गर्नुहोस् ।**

**परमप्रभुको प्रशंसा**

**भजनसंग्रह ३२:१-८**

१. धन्य त्यो व्यक्ति, जसका अपराध क्षमा भएको छ र जसका पाप ढाकिएका छन् ।

२. त्यो मानिस धन्य हो, जसलाई परमप्रभुले दोषी ठहराउनुहुन्न र जसको मनमा छलकपट छैन ।

३. जब म मौन रहें, दिनभरिको मेरो करुण-क्रन्दनले मेरा हाडहरू खिइएर गए ।

४. किनकि दिनरात तपाईंका बाहुलीको भार ममाथि रह्यो। मेरो शरीरको शक्ति ग्रीष्मको तापले भएझैं सुकिसकेको थियो । सेला

५. तब मैले आफ्नो पाप तपाईंको सामुन्ने स्वीकार गरें र मेरो अधर्म मैले लुकाइनँ । मैले भनें, "म आफ्ना अपराध परमप्रभुको सामुन्ने स्वीकार गर्नेछु ।" र तपाईंले मेरो पापको दोष क्षमा गर्नुभयो । सेला

६. यसकारण हरेक भक्तजनले जबसम्म तपाईंलाई प्राप्त गर्न सकिन्छ, तपाईंमा प्रार्थना गरोस् । अनि दु:ख-कष्ट र उर्लेको भेलले त्यसलाई छुनेछैन ।

७. तपाईं मेरो आश्रय हुनुहुन्छ, तपाईंले मलाई दु:खबाट रक्षा गर्नुहुन्छ । तपाईंले मलाई उद्धारका गीतले घेर्नुहुन्छ । सेला ।

८. म तँलाई शिक्षा दिनेछु, तँ कुन मार्गमा हिँड्नुपर्ने सो तँलाई सिकाउनेछु। म तँलाई परामर्श दिनेछु र तँमाथि नजर राख्नेछु ।

# बिहानीको झिसमिसेमै

## AT THE BREAK OF DAWN!

**बहिनी एन्जलीन सेल्भाकुमारी**



हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्टको नाउँमा अभिवादन। बोलावटको प्रतिध्वनि पत्रिकाबाट तपाईंलाई भेट्न पाउँदा अत्यन्तै खुसी लागिरहेको छ । उहाँको विश्वासयोग्यता महान् छ, जसले हामीलाई यहाँसम्म अगुवाइ गर्नुभएको छ र यी सबै कुराहरूबाट हामीलाई निरन्तर लैजानुहुनेछ ।

**परमेश्वर त्यसभित्र हुनुहुन्छ, त्यो खस्नेछैन । झिसमिसेमै परमेश्वरले त्यसलाई सहायता गर्नुहुनेछ** (भजनसंग्रह ४६:५) ।

यो सुन्दर प्रतिज्ञा हो । तापनि, यो प्रतिज्ञा दिइएको अवस्थाचाहिँ महत्वपूर्ण छ । हामीले भजनसंग्रह ४६:२ मा हेरौं । यसले भन्दछ,

१. पृथ्वी उथलपुथल भयो
२. पर्वतहरू समुद्रको गर्भमा खसे
३. पानी गर्जियो र उर्लियो
४. पर्वतहरू थर्किए

....Contd. to page 3


बोलावटको प्रतिध्वनि- यूट्यूब च्यानल



**यूट्यूब ख्रीष्टियान च्यानल**

तपाईंले पा. एस. साम सेल्भाराजसँग प्रार्थना गर्ने अवसर पाउनुहुनेछ ।

**५ मिनेटको सन्देश**

**अंग्रेजी र हिन्दी, तामिल र तेलगू**

**हरेक दिन: बिहान ५ बजे**

**तामिल आइतवार सेवा: बिहान ८:३० बजे**

बोलावटको प्रतिध्वनि सन् १९६९-२०१९ स्वर्णजयन्ती वर्ष



# तपाईंको प्रिय भाइबाट....

REACHING NATIONS



**"...परमप्रभुमा भरोसा राख्नेहरूलाई भने अचूक कृपाले घेर्नेछ" (भजनसंग्रह ३२:१०) ।**

प्रिय दाजुभाइ तथा दिदीबहिनीहरू,

हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्टको मीठो नाउँमा तपाईंलाई अभिवादन ।

हाम्रो सेवकाइका सम्पूर्ण क्षेत्रहरूमा हामीप्रति प्रभु येशू ख्रीष्ट भलो हुनुभएको छ। मई महिनामा सबै शैक्षिक संस्थाहरू ग्रीष्म बिदाले गर्दा बन्द हुनेछन् । त्यसैले, यी दिनहरू स्थानीय मण्डलीमा सहभागी भएर केही सुसमाचार प्रचारका काममा संलग्न भएर प्रयोग गरौं र परमेश्वरको राज्य बिस्तार गरौं ।

जब हामी संसारमा हेर्छौं, मण्डलीको सेवकाइहरू र सेवकाइका क्रियाकलापहरूबाट अलग रहने परमेश्वरबाट टाढा गइरहेका युवायुवतीहरूलाई हामीले देख्न सक्छौं । संसारभरि नै यस्तो भइरहेको छ। अभिभावकहरू र मण्डलीको प्रशासनहरूले पनि यस कुरामाथि धेरै केही पनि गर्न सकेका छैनन् ।

त्यसैले, यस्तो अवसरलाई प्रयोग गर्दै संसारका मानिसहरू, राजनैतिक नेताहरू र अस्वस्थ सिद्धान्त प्रचार गर्ने परमेश्वरका जन भनेर आफैंलाई बताउनेहरूले यो संसारका गलत कामहरू गर्नमा युवाहरूलाई समात्छन् र तालिम दिन्छन् र सुसज्जित गर्छन् । मण्डलीमा युवा र युवतीहरूको उपस्थिति घट्दो छ । यो पीडादायी छ । परिवारका ठूला सदस्यहरूले उनीहरूलाई परमेश्वरको ईश्वरीय छत्रछायाको अधीनमा राख्ने कोसिस गरिरहनुभएको भए पनि परमेश्वरका मार्गहरू बेवास्ता गर्दै तिनीहरूले चाहना गरेका कुराहरू गर्ने चाहना गर्छन् ।

त्यसैले, संसारभरिका बालबालिका र युवाहरूका बीचमा प्रभुले जागृति पठाइदेऊन् भनेर धेरैभन्दा धेरै प्रार्थना गर्ने सबैभन्दा उच्च समय ख्रीष्टियान अभिभावकहरू र अगुवाहरूका निम्ति यही नै हो। हामीले परमेश्वरका जनहरू भएका सानो समूह निर्माण गरेका छौं, जसले यस्तै बोझ बोक्नुहुन्छ र तिनीहरूका निम्ति प्रार्थना गर्न सुरु गर्नुभएको छ। तपाईंले बालबालिका र युवायुवतीहरूका नामहरू पठाएर हामीलाई सहायता गर्न सक्नुहुन्छ ताकि हामीले अनुग्रहको सिंहासनअघि तिनीहरूलाई उचाल्न सकौं । **यसको निम्ति तपाईंले कुनै पैसा पठाउनु पर्दैन ।** त्यसको साठो तपाईंले हामीसँग एकै मनको भएर प्रार्थना पनि गर्न सक्नुहुन्छ र यो **ग्लोबल भिजन फर युथ एण्ड किड्स केयरको** निम्ति प्रार्थना गर्न सक्नुहुन्छ। यस सम्बन्धमा तपाईंका विचारहरू हामी तपाईंसँग माग्दछौं ।

सबै देशका बालबालिका र युवयुवतीका निम्ति प्रार्थना गर्न प्रार्थना समयको रूपमा हामीले हरेक दिन राति १० बजे तोकेका छौं । तपाईंले पनि आफ्नो देशको समयअनुसार राति १० बजे प्रार्थना गर्न सक्नुहुन्छ ।

कुनै विशेष कुरामा जब परमेश्वरका जनहरू एकै मनको भएर प्रार्थना गर्छन् भने स्वर्गमा हुनुहुने पिताले जवाफ दिनुहुनेछ भनेर हामीलाई थाहा छ। जब तपाईंले यस्ता बालबालिका र युवाहरूका बारेमा असल गवाही प्राप्त गर्नहुन्छ, कृपया हामीलाई पनि ती पठाउनुहोस् । हामी योग्य गवाहीहरूलाई प्रकाशन गर्ने कोसिस गर्नेछौं ।

हामी तपाईंको निम्ति प्रार्थना गरिरहेका छौं । सम्पूर्ण तरिकामा संसारका सबै देशहरूमा महिमित सुसमाचार फैलाउन हामीले पूर्ण हृदयले अगाडि बढ्न संघर्ष गरिरहेका छौं । प्रार्थनामा हामीसँग कृपया हातेमालो गरिदिनुहोला । परमेश्वरले तपाईंलाई आशिष् देऊन् ।

ख्रीष्ट येशूमा तपाईंका सेवकहरू,

*पास्टर एस. साम सेल्भाराज र एलेक्स सामसन साम*

(+91) 98412 71858 / 98410 71858, E.mail : samselvaraj333@gmail.com

## हाम्रो मिसन नीति

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ । यो आवश्यकताको घडी हो ।

CHIEF EDITOR
Angeline Selvakumari Henry, M.A., M.Ed.
MANAGING EDITOR
Pastor Alex Samson Sam, B.Th., M.Div.
ADMINISTRATION
Bro. N. Prakasam, M.A., General Manager
EDITORIAL BOARD
Sis. Jesy Veena Sam
Sis. Serena Bevin, M.A., M.Phil., B.Ed.
Dr. A. Richard Samuel, M.A., Ph.D.
Rev. Dr. K.R. Rajasekaran
EDITOR, PUBLISHER & PRINTER
Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 95661 31858
CORE LEADERS
Bro. K. Puratchivendan
Dr. Rabinder Boaz, M.S.
Bro. A. Edward Durai
Bro. A. Alvin
Bro. K. Abraham
Sis. Dhanalakshmi Chinnaiah
E.mail ID
sam@echoofhiscall.org
biblecor@yahoo.co.in
WEBSITES
www.echoofhiscall.org
www.stpaulsmatriculation.com
YOUTUBE CHANNEL
Echo of His Call

Our Ministries: ECHO OF HIS CALL Monthly Magazines (16 languages) BIBLECOR - Postal Courses (3 languages) Media Ministry Online Courses Theological Correspondence Courses (2 languages) Church Planting Nehemiah Bible Colleges Gospel Printing Press Great Commission Partners St. Paul's Matriculation School Crusades Community Development

*पृष्ठ १ बाट*

त्यसकारण, जब हरेक थोक उथलपुथल भइरहेको, हल्लिरहेको र विश्रामहीन भइरहेको थियो, बाइबलले भन्दछ, परमेश्वर ती सबैको बीचमा हुनुहुन्छ। हाम्रो वरिपरि भएका हरेक थोक उथलपुथल भए पनि हामी हल्लिनेछैनौं । यी सबै उथलपुथल, हल्लाइ र आँधीको बीचमा परमेश्वर हुनुहुन्छ। उहाँले हामीलाई बिहानीको झिसमिसेमै सहायता गर्नुहुनेछ । किनकि परमेश्वर भलो हुनुहुन्छ । उहाँले गर्नुहुने हरेक थोक असल छ । उहाँ असम्भवहरूका परमेश्वर हुनुहुन्छ।

तपाईले संघर्ष गरिरहनुभएका, लडाइँ गरिरहनुभएका, जवाफ पाउन बाँकी रहेका सम्पूर्ण प्रार्थनाहरू, तपाईंलाई बन्धनमा राख्ने कुराहरू तपाईंलाई सीमित राख्ने अवस्थाहरू येशूको नाउँमा तोडिनेछ किनभने **झिसमिसेमै उहाँले हामीलाई सहायता गर्नुहुनेछ** (भजनसंग्रह ४६:५) ।

## अ. झिसमिसेको महत्व के हो ?

### १. बिहानीको झिसमिसे नयाँ मौसमको सुरुवात हो

यहूदी क्यालेन्डरअनुसार अन्धकारले ९ देखि १० सम्म छोप्छ, त्यसपछि बिहानीको झिसमिसे आउँछ । त्यो करिब बिहानी १२ देखि ३ बजे बीचको समयमा हो । त्यो समयमा अन्धकार कम हुन्छ र ज्योति आउन सुरु हुन्छ, नयाँ दिन र नयाँ मौसमको सुरुवात । हामी किन आँधी, कम्पन र हुरीको मौसमबाट भएर गुज्रिनु जरुरी हुन्छ ?

### २. बिहानीको झिसमिसे मौसमको परिवर्तन हो

बिहानीको झिसमिसे रात र दिन बीचको परिवर्तनको अवधि हो। योचाहिँ एउटा मौसमबाट अर्कोमा, एउटा समयबाट अर्कोमा अघि बढिरहेको हुन्छ । परिवर्तन आफैंमा **अनिश्चित** समयावधि हो, जहाँ एउटाचाहिँ अर्को कदम लिन अनिश्चित हुन्छ। एक जना यो बाटो वा अर्को बाटो जानुपर्छ कि ? योचाहिँ कोलाहल र **अन्योलको** समय हो । एउटाले निर्णय लिन संघर्ष गरिरहेको हुन्छ। यसले भयको समयलाई पनि संकेत गर्दछ- के भइरहेको छ र के हुन लागेको छ भन्ने कुराको भय । यो परिवर्तनको समयलाई संसार र दुष्टले यसै प्रकारले हेरेको चाहन्छ भन्ने कुरा के तपाईंलाई थाहा छ - कोलाहल, अन्योलता, संघर्ष र अनिश्चयताको समयको रूपमा। तापनि, हामीले यो कुरालाई विश्रामको अवधिको रूपमा हेरेको परमेश्वरले चाहनुहुन्छ। **विकास** भन्ने शब्दलाई हेरौं । यो केही कुराको साहस लिने कुरा हो। परमेश्वरले यो मौसमलाई विकासको मौसमको रूपमा हेरिरहनुभएको छ, जहाँ तपाईंले विश्राम लिनुहुन्छ र फेरि आउनुहुन्छ।

मण्डली, परिवार र व्यक्तिको रूपमा ,जब हामी सबै जना नयाँ स्तरमा बढ्छौं, योचाहिँ वृद्धि, परिपक्वता, विकासको नयाँ मौसम हो भनेर हामीले थाहा पाउँछौं। अन्धकार तोडिनु भनेको बिहानीको झिसमिसे हो ।

### ३. बिहानीको झिसमिसे आत्मिक लडाइँको मौसम हो ।

विकास सजिलो हुँदैन । यो तोडिने र बाहिर आउने हो। यो लडाइँ हो, यो संघर्ष हो। तपाईंले अन्धकारलाई तोड्दै हुनुहुन्छ । यो प्रयासबिना हुँदैन र ज्योति आउँदैन। परमेश्वरले हामीलाई तोडेर बाहिर आउने मौसममा बोलाइरहनुभएको छ। हाम्रा छोराछोरी, हाम्रो परिवार, हाम्रो मण्डली, हाम्रो सहर, हाम्रो देश, संसारको निम्ति **विकास** ल्याउन उहाँले हामीलाई राख्नुभएको छ । आमेन। यो आत्मिक विकासको अवसर हो।

अन्धकार र असम्भव कुराहरू अन्त्य होइनन् तर हाम्रो **विकासको** निम्ति मार्गहरू हुन् भनेर हामीले देख्नेछौं । एलीया शारीरिक, मानसिक,

## ग्लोबल भिजन फर युथ एण्ड किड्स् केयर

**GLOBAL VISION FOR YOUTH & KID CARE**

युवा पुस्ताको हीतको निम्ति र सबै देशका यो पुस्ताका बालबालिका र युवाहरूका निम्ति प्रार्थना गरेर, परमेश्वरको राज्यको निम्ति तिनीहरूलाई शिक्षा दिएर र सुसज्जित थरेर तिनीहरूलाई विशेष चासो दिन परमेश्वरले हामीलाई विशेष बोझ दिनुभएको छ। विश्वव्यापी रूपमा हामीले परमेश्वरका मानिसहरूको सानो समूह बनाएका छौं, जोसँग सोही बोझ छ र दैनिक राति १० बजे एकै मनको भएर प्रार्थना गर्न सुरु गरेका छन्



(तपाईंको देशको स्थानीय समय)। हामीसँग जोडिन हामी तपाईंलाई हार्दिक स्वागत गर्दछौं। तपाईंको चाहनाको बारेमा हामीलाई बताउनुहोस् । हामी तपाईंलाई जवाफ दिनेछौं।

यसका अतिरिक्त, तपाईं आफ्ना छोराछोरी र नातिनातिनीहरूको आत्मिक हीतको बारेमा चासो राख्नुहुन्छ भने तपाईंले तिनीहरूका उमेर (बालबालिका र युवा) को साथमा तिनीहरूको नाम र कुनै छन् भने तिनीहरूका आवश्यकताहरूका बारेमा हामीलाई पठाउन सक्नुहुन्छ। तपाईं ३५ वर्षभन्दा कम उमेरको हुनुहुन्छ भने तपाईंले सीधै आफ्नो नाम दिन पनि सक्नुहुन्छ। यसको निम्ति कृपया पैसा नपठाउनुहोस्। परमेश्वरले तपाईंलाई आशिष् देऊन्।

Our contact details:
**GLOBAL VISION FOR YOUTH & KID CARE**
**Echo of His Call**
Mobile & WhatsApp No : +91- 98412 71858 &
+91- 98410 71858
E.mail ID : sam@echoofhiscall.org

आत्मिक र भावनात्मक रूपमा थकित भएका थिए। जिउनलाई तिनको निम्ति असम्भव थियो। त्योचाहिँ तिनको जीवनको अँध्यारो समयमध्ये एउटा थियो। एउटा सैनिकको रूपमा सम्हालेको बाल पूजहारीहरूको विरुद्धमा भएको जागृति सेवकाइपछि नै एलीयाले सुनेको कुराचाहिँ तिनलाई मार्न लागिएको कुरा थियो । तिनी आफ्नो जीवनको निम्ति यसरी डराए कि तिनले सिधा सोच्न सकेनन्। तिनले भने, **"हे परमप्रभु, मेरो प्राण लिनुहोस्, मैले पूरै भोगिसकें। म त मेरा पिता-पुर्खाहरूभन्दा असल छैनँ"** (१ राजा १९:४)।

तिनले त्यो पूरा भएको थियो र हरेक स्थानमा अन्धकार थियो भनेर महसुस गरे, तैपनि तिनी परिवर्तनको अवधिमा थिए भनेर सानै भए पनि महसुस गरे। यसको बीचमा। तिनले अन्धकार देखे, बिहानी देखेनन्। परमेश्वरले तिनलाई अन्धकार तोड्न राख्नुभएको थियो। यो वर्ष परमेश्वरले हामीमध्ये केहीलाई परिवर्तनको अवधिमा राखिरहनुभएको छ ताकि हामीले तोड्न सकौं- अन्धकारलाई तोड्न सकौं र ज्योति ल्याउन सकौं। आमेन भन्नुहोस्।

**"बाटो बनाउनुहुने तिनीहरूका अगि जानुहुनेछ..."** (मीका २:१३)। आमेन। अन्धकारलाई भत्काउन उहाँ हामीभन्दा अघि जानुहुनेछ र ज्योतिमा अगुवाइ गर्नुहुनेछ। **"...ढोका भत्काएर बाहिर निस्केर जानेछन्..."** (मीका २:१३)। आमेन।

तपाईंलाई जे कुराले जकडिराखेको छ तपाईंलाई अन्धकारमा राख्छ, तपाईंलाई घस्रने बनाएको छ, तपाईंलाई सीमित पारेको छ, परमेश्वरले त्योबाट बाहिर निस्कने तपाईंलाई बनाइरहनुभएको छ, येशूको नाउँमा "तपाईं त्यसबाट बाहिर आउनुहुनेछ" किनभने उहाँ तपाईंभन्दा अघि हिँडिरहनुभएको छ। **हे प्राचीन ढोका हो, उच्च होओ र महिमाका महाराजा तीबाट प्रवेश गरून्। महिमाका महाराजा को हुनुहुन्छ**? (भजनसंग्रह २४:७-९)। एउटा प्रख्यात गीतले भन्दछ,

***"मभन्दा अघि को जानुहुन्छ मलाई थाहा छ,***
***पछाडि को हुनुहुन्छ मलाई थाहा छ***
***स्वर्गदूतका सेनाका परमेश्वर मेरो पक्षमा हुनुहुन्छ...***
***मेरो विरुद्धमा बनाइएका कुनै पनि कुरा खडा हुन सक्नेछैन..."***

म डराउनेछैनँ किनभने परमप्रभु मेरो साथमा हुनुहुन्छ।

मैले पहिले नै उल्लेख गरिसकेको छ, परिवर्तनचाहिँ अन्धकारलाई तोड्ने र ज्योति बाहिर आउने हो। योवर्ष परमेश्वरले हामीलाई अन्धकारबाट परिवर्तन दिनुहुनेछ ताकि हामी विजयी भएर ज्योतिमा प्रवेश गर्न सकौं।

## २. केबाट परिवर्तन ?

अन्धकार- अन्धकारले के कुरालाई संकेत गर्दछ ?

### (क) दुष्टको राज्यः

अन्धकार शैतानिक हुन्छ। यसले दुष्टलाई संकेत गर्छ, जसलाई अन्धकारको राजकुमार भनिन्छ। अन्धकार राज्य हो। कलस्सी १:१३ ले भन्दछ, **उहाँले हामीलाई अन्धकारको राज्यदेखि छुटाउनुभयो र आफ्ना प्रिय पुत्रको राज्यभित्र हामीलाई सार्नुभएको छ।** राज्य त्यस्तो कुरा हो, जसले शासन गर्छ। हामीमध्ये केहीले यस्तो महसुस गर्छौं कि हाम्रो जीवनमा कोही छ, जसले अन्तिम शब्दलाई शासन गर्छ वा अन्तिम बटनलाई थिच्छ र हामीसँग त्यसमा भन्नलाई केही पनि हुँदैन। बिहानीको भिसमिसे अन्धकारको राज्यलाई तोड्नु हो।

अन्धकारको अर्थ पापमय, शासन गर्ने, अत्याचार गर्ने, हामीमाथि नियन्त्रण गर्ने पनि हुन सक्छ। हुन सक्छ, तपाईं त्यस्तो बानीसँग संघर्ष गरिरहनुभएको छ, जुन तपाईंमा रहिरहेको छ र तपाईं त्यसबाट बाहिर निस्कन चाहनुहुन्छ तर संघर्ष गरिरहनुभएको छ। के तपाईंलाई थाहा छ, परिपक्व भनेर चिनिएका ख्रीष्टियानहरू पनि पापको पञ्जाबाट संघर्ष गरिरहेका छन् ? प्रविधिमा आधुनिकतासँगै हरेक जनाको इन्टरनेटमा पहुँच आफ्नो हातैमा रहेको छ। अनुमान गर्नुहोस् त ? यसले पापको निम्ति धेरै ढोकाहरू खोलेको छ, जुन हामीलाई कल्पना पनि गर्न सक्दैनौं। सामाजिक संजालप्रति दुर्व्यसनी, टिकटक र यूट्यूब ट्रेलरमा समय बिताउने, पोर्नोग्राफी, जस्तो उमेर भए पनि। आफ्ना हातमा भएका उपकरणहरूका कारण धेरै बालबालिकाहरू पोर्नोग्राफीमा बानी परेको देख्नु दुःखदायी कुरा हो।

अन्धकारको राजकुमारले हाम्रो समय, हाम्रो विचार र दुष्ट कार्यको साथमा हाम्रा भावनाहरूमाथि पूर्ण नियन्त्रण लिएको छ। थाहै नपाई यसले हाम्रो शान्ति, हाम्रो पारिवारिक सम्बन्धहरू, परमेश्वरसाग हाम्रो सम्बन्धलाई नष्ट गरिरहेको छ र त्योभन्दा पनि धेरै हाम्रा हृदय, मन र आत्मालाई भ्रष्ट

*....Contd. to page 6*


नहेम्याह बाइबल
आवासीय कलेज, चेन्नाइ

ECHO OF HIS CALL 1969-2019
REACHING NATIONS

माध्यमः हिन्दी

Regd. Candidate for Membership ATA NEHEMIAH BIBLE COLLEGE CHENNAI ★ ECHO OF HIS CALL ★ Estd.: 1969

*ATA- सदस्यताको निम्ति दर्ता भएको उम्मेद्वार*

विगत ५३ वर्षदेखि अन्तरराष्ट्रिय ख्रीष्टियान अगुवाहरु र सिनियर पास्टरहरुबाट पहिचान भएको

ईश्वरशास्त्रमा प्रमाणपत्रः एक वर्ष
ईश्वरशास्त्रमा डिप्लोमाः दुई वर्ष

योग्यताः दश कक्षा र सोभन्दा माथि
भर्नाको लागि छिट्ये गर्नुहोस्।

Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org

★ अनलाइन कक्षाहरु उपलब्ध छन् ★

GREAT COMMISSION PARTNERS
ECHO OF HIS CALL MINISTRIES
SINCE 1989

# महान् आज्ञा सहयोगीहरु

## बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

## प्रार्थनाको अनुरोध प्रशंसा र प्रार्थनाको बुँदाः मई १९ देखि जून १८ सम्म

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)

### परमेश्वरलाई प्रशंसा गरौं...

मई १९: हाम्रो छापाखानामाथि आशिष् र १६ वटा भाषामा प्रकाशन भएका, मिसनको क्षेत्रमा पठाइएको निम्ति ।

मई २०: हाम्रो सेवकाइको यात्रामा आशिष दिनुभएको निम्ति ।

मई २१: हाम्रो मुख्य मण्डली र शाखा मण्डलीहरूमा सबै सदस्यहरूमाथि आशिष् दिनुभएको निम्ति

मई २२: हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँको परिवारलाई सबै दुष्ट शक्तिबाट हाम्रो प्रभुले सुरक्षित राख्नुभएको छ ।

मई २३: हाम्रो **बाइबलकोर** (बाइबल पत्राचार कोर्स र **ईश्वरशास्त्रीय पत्राचार कोर्सहरूमाथि** आशिष्को निम्ति ।

मई २४: हाम्रो **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलमा** नयाँ प्रतिभावान प्रधानाध्यापकको निम्ति ।

मई २५: हाम्रो मुख्य मण्डली र शाखा मण्डलीहरूमा भएका आइतवारे सेवाहरूका निम्ति ।

मई २६: हाम्रो **नहेम्याह बाइबल कलेजको** नयाँ फ्याकल्टीको साथमा हामीलाई आशिष् दिनुभएको निम्ति ।

मई २७: कोलाहल र लडाइँको भयको बीचमा सबै देशहरूमाथि ईश्वरीय सुरक्षाको निम्ति ।

मई २८: हाम्रा कर्मचारीहरूका परिवारहरूमाथि उहाँले खन्याउनुभएको आशिष्को निम्ति ।

मई २९: राजनैतिक र धार्मिक विरोधका बीचमा हाम्रो सफल भइरहेका ख्रीष्टियान सेवकाइहरूका निम्ति ।

मई ३०: मिसनमा काम गर्नेहरू मानिसहरूबाट ठूलो समर्पणताको निम्ति ।

मई ३१: समाजका सबै तहहरूमा महिलाहरूको उत्थानको निम्ति ।

जून १: हाम्रो आवासीय र साँझको **नहेम्याह बाइबल कलेजका** निम्ति नयाँ विद्यार्थीहरू दिनुभएको निम्ति ।

जून २: हाम्रो सुसमाचारीय छापाखाना र प्रभावकारी कर्मचारीहरूका साथमा यसको निरन्तर संचालनको निम्ति ।

जून ३: हाम्रो **५ मिनेट यूट्यूब सन्देशको** निम्ति गवाहीहरू र वृद्धि भइरहेका ग्राहकहरूका निम्ति ।

### कृपया प्रार्थना गरौं...

जून ४: हाम्रा प्रार्थनाका साझेदारहरू, ग्राहकवर्गहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू र महान् आज्ञाका साझेदारहरू र उहाँहरूका परिवारहरूमाथि उहाँको कृपाको निम्ति ।

जून ५: हाम्रा कर्मचारीहरू र उहाँका परिवारका सदस्यहरूको स्वास्थ्यको निम्ति ।

जून ६: सबै देशहरूमा एकता र समस्त क्षेत्रहरू र योजनामा प्रगतिको निम्ति ।

जून ७: सबै ख्रीष्टियान संस्थाहरूमाथि आशिष् र सुरक्षाको निम्ति ।

जून ८: सुसमाचार नपुगेको स्थानहरूमा सुसमाचार फैलाउन हामीलाई सुसज्जित गर्नको निम्ति ।

जून ९: पृथ्वीमा उहाँको राज्य निर्माणमा धेरैभन्दा धेरै दर्शनहरू हामीलाई दिनको निम्ति ।

जून १०: भाइरल ज्वरो र नयाँ संक्रामक रोगहरूका विरुद्धमा सुरक्षाको निम्ति ।

जून ११: संसारका युवा र बालबालिकाहरूले येशू ख्रीष्टलाई आफ्नो व्यक्तिगत मुक्तिदाताको रूपमा स्वीकार गरून् ।

जून १२: हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँको परिवारका सदस्यहरूको स्वास्थ्य र सुरक्षाको निम्ति ।

जून १३: सम्भावित सम्पूर्ण मार्ग र तरिकाहरूमा हाम्रा सेवकाइहरूको बिस्तारको निम्ति ।

जून १४: शैक्षिक सत्र २०२३-२४ को निम्ति हाम्रो आवासीय र साँझको **नहेम्याह बाइबल कलेजको** निम्ति योग्य विद्यार्थीहरूको भर्नाको निम्ति ।

जून १५: संसारका समस्त राष्ट्रपतिहरू, प्रधानमन्त्रीहरू र सबै सरकारी अधिकारीहरूका निम्ति ।

जून १६: शैक्षिक सत्र २०२३-२४ को निम्ति हाम्रो **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलको** निम्ति नयाँ विद्यार्थीहरूको भर्नाको निम्ति ।

जून १७: प्रार्थना र आर्थिक सहायताद्वारा हाम्रो सेवकाइहरूलाई उचाल्नुहुने हाम्रा सहयोगीहरू, शुभचिन्तकहरू र मित्रहरूका निम्ति ।

जून १८: हाम्रा सहसम्पादकहरू र उहाँका परिवारका सदस्यहरूका निम्ति ।

....Contd. from page 4

बनाइरहेको छ । अझ महत्वपूर्ण रूपमा यसले अर्को पुस्तामा प्रभाव पारिरहेको छ । हाम्रा हरेक कार्यले बालबालिकालाई प्रभाव पार्छ ।

हाम्रो जीवन, हाम्रा परिवारहरू, हाम्रा मण्डलीहरू, हाम्रा सेवकाइ वा परमेश्वरसँग हाम्रो हिँडाइमाथि अधिकार गर्ने जुनसुकै कुराबाट परिवर्तन पाउन परमेश्वरले हामीलाई सक्षम बनाउनुभएको होस् ।

### (ख) अज्ञानता:

एफिसी ४:१८ ले भन्दछ, **तिनीहरूका हृदयको कठोरताले ल्याएको तिनीहरूका अज्ञानताको कारणले तिनीहरू परमेश्वरको जीवनदेखि बिराना भएका छन् र तिनीहरूको समझ अन्धकारले भरिएको छ ।**

मनमा अज्ञान भएको हुनाले अज्ञानता परमेश्वरको राज्यमा बेफाइदा हो । हामी अज्ञानी भएको दियाबलसले चाहन्छ । त्यसले छल गर्छ । दियाबलसले अज्ञानतामा संघर्ष गर्दछ । मलाई थाहा छैनँ नभन्नुहोस् । २ कोरिन्थी ४:४ ले भन्दछ, **तिनीहरूका विषयमा भनौं भने ख्रीष्ट, जो परमेश्वरको रूप हुनुहुन्छ, उहाँको महिमाको सुसमाचार तिनीहरूले नदेखून् भनेर यस संसारको देवले अविश्वासीहरूको समझलाई अन्धो तुल्याइदिएको छ ।**

**"समझलाई अन्धो"** कहिलेकाहीं हामीले बाइबल पढ्छौं तर वास्तवमै बुझ्दैनौं । आफैंलाई "असल ख्रीष्टियानहरू" भनेर आफैंलाई बताउने केहीले अझै पनि गहन अनुभव पाउन सकेका छैनन् । अन्धकार किन विजयी हुन्छ ? परमेश्वरको वचन पढ्नुहोस् । आफ्नो अज्ञानताबाट तपाईंलाई परिवर्तन दिनको निम्ति परमेश्वरलाई सोध्नुहोस् । **बुद्धि दिनुहुने परमेश्वरसँग माग... उहाँले उदारतासाथ दिनुहुन्छ** (याकूब १:५) । फेरि पनि प्रविधिले हाम्रो हातमा नै बाइबल दिएको छ, सबै संस्करणहरू, भिन्दै भाषाहरू र विभिन्न फन्टहरूमा हरेक समयमा तुरुन्तै उपलब्ध भएको बाइबलमा हामीले पहुँच पाएका छौं, म यसको बारेमा अत्यन्तै खुसी छु तर सोही समयमा हामीले धेरैभन्दा धेरै अनलाइन बाइबलमा निर्भर हुन सुरु गरेका छौं । यो हाम्रो हातैमा भए पनि यो हाम्रो हृदय र मनमा छैन ।

विगतमा मानिसहरूले आफ्नो बाइबल खोजी गरेर बाइबलका सन्दर्भहरू बताउन सक्षम थिए तर अहिले तिनीहरूले गुगललाई सोधिरहेका छन् । मेरो चासोचाहिँ त्यो दिन आउने छ, जब सबै अनलाइन संस्करणहरू अस्तित्वमा आउन बन्द हुनेछ । हामीलाई के हुनेछ त ? दियाबलसले परमेश्वरको वचनमा नि:शुल्क रूपमा पहुँच दिएको छ र त्यसैले हामी यति धेरै त्यसमा निर्भर भएका छौं, जब त्यो दिन आउँछ, तिनीहरूले अनलाइन संस्करण प्रतिबन्ध गर्छन्, हामीसँग परमेश्वरको वचन हुनेछैन । हामीले आफ्ना बाइबल उत्कट चाहनाको साथमा पढौं, परमेश्वरको वचनलाई कण्ठ गरौं र दिनरात त्यसमा मनन गरौं ताकि त्यो हाम्रा हृदयमा लेखिएका होऊन् ।

## आ. परिवर्तन केमा ?

ज्योति- ज्योति के हो ?

### (क) ज्योति ज्ञान हो ।

दृष्टिकोणमा कुराहरू ल्याइएको छ... **परमेश्वर ज्योति हुनुहुन्छ, उहाँमा कति पनि अन्धकार छैन** (१ यूहन्ना १:५) । जब ज्योति आउँछ, त्यहाँ शक्ति हुन्छ । हामीले ईश्वरीय ज्योतिबाट आत्मिक शक्ति पाउँछौं । यसले हाम्रो मनलाई प्रकाशित पार्छ । यसले हामीलाई स्पष्टसाथ देख्न सहायता गर्छ । यसले हामीलाई स्वतन्त्र तुल्याउँछ र विभिन्न कुराहरूमा फरक दृष्टिकोण दिन्छ । ज्योतिले **प्रकाश** दिन्छ । बाइबल परमेश्वरको सत्यता हो, यो परमेश्वरको ज्योति हो । **तपाईंको ज्योति र तपाईंको सत्यता पठाइदिनुहोस्, तिनैले मलाई डोऱ्याऊन्, तिनले नै मलाई तपाईंको पवित्र पर्वतमा, त्यो वासस्थानमा पुऱ्याऊन्, जहाँ तपाईं बास गर्नुहुन्छ** (भजनसंग्रह ४३:३) । यदि ज्योति छैन भने सत्यता हुँदैन, झिसमिसे बिहानी हुँदैन । हामीलाई ज्योतिको आवश्यकता छ भने हामी पर्वतमा (परमेश्वरको उपस्थिति) जानुपर्छ, जहाँ परमेश्वर बास गर्नुहुन्छ । अन्यथा हामी अझै पनि सोही स्थानमा हुनेछौं र परमेश्वरको पर्वतमा जान असम्भव हुनेछ ।

### (ख) ज्योति रूपान्तरण हो ।

बिहानीको झिसमिसे- जसको अर्थ येशू ख्रीष्टमा रूपान्तरण उपलब्ध छ । ज्योतिको एउटा किरणले शाऊललाई पावलमा परिवर्तन गरेको थियो । ज्योति सुसमाचार हो । **जुन परमेश्वरले "अँध्यारोबाट ज्योति चम्कोस्" भन्नुभयो, उहा हाम्रा हृदयमा चम्कनुभएको छ ताकि परमेश्वरको महिमाको ज्ञानको ज्योति ख्रीष्टको मुहारमा चम्कोस्** (२ कोरिन्थी ४:६) । ज्योति परमेश्वरको महिमा हो, जब त्यो चम्कन्छ, त्यसले रूपान्तरण गर्छ । **हामी सबै घुम्टो हटाइएको मुहारले प्रभुको**

बाँकी पृष्ठ ९ मा

नहेम्याह बाइबल साँझको कलेज
चेपाउक र सन्थोसापुरम, चेन्नाइ
माध्यमः तामिल
ECHO OF HIS CALL 1968-2018
REACHING NATIONS
ATA- सदस्यताको निम्ति दर्ता भएको उम्मेद्वार
Regd. Candidate for Membership ATA NEHEMIAH BIBLE COLLEGE CHENNAI ★ ECHO OF HIS CALL ★ Estd.: 1969
विगत ५३ वर्षदेखि अन्तरराष्ट्रिय ख्रीष्टियान अगुवाहरु र सिनियर पास्टरहरुबाट पहिचान भएको
ईश्वरशास्त्रमा प्रमाणपत्र: एक वर्ष
ईश्वरशास्त्रमा डिप्लोमा: दुई वर्ष
योग्यताः दश कक्षा र सोभन्दा माथि
भर्नाको लागि छिटो गर्नुहोस् ।
Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org
★ अनलाइन कक्षाहरु उपलब्ध छन् ★

## हाम्रो मुख्य कार्यालयमा भएका हाम्रा सेवकाइहरूका निम्ति प्रार्थना गरिदिनुहोस्

| | |
|---|---|
| १. प्रार्थना सभा: | : चौबीसै घण्टा |
| २. **बाइबलकोर** - बाइबल करेस्पोस्डेन्स् कोर्सेस: अङ्ग्रेजी, हिन्दी र तमिल | |
| ३. **बोलावटको प्रतिध्वनि** मासिक पत्रिका: अङ्ग्रेजी, तामिल, मलायाम, तेलुगू, हिन्दी, कन्नाडा, मराठी, गुजराती, बङ्गाली, उरिया, नेपाली, असामी, पंजाबी, उर्दू, सिन्हाला र अफ्रिकी भाषामा। | |
| ४. नहेम्याह बाइबल कलेज (दुई केन्द्रहरू) (साँझ / आवासीय) | |
| ५. ईश्वरशास्त्र पत्राचार कोर्स: तामिल र अङ्ग्रेजी | |
| ६. महान् आज्ञाका साझेदारहरू (पास्टरहरूको सञ्जाल) | |
| ७. तालिम कार्यक्रम | |
| ८. क्रुसेडहरू | |
| ९. साहित्य वितरण र अनुगमन | |
| १०. सुसमाचार छापाखाना- प्रकाशन | |
| ११. सेन्ट पावल मेट्रीकुलेसन विद्यालय- भिलेज अंग्रेजी हाई स्कुल | |
| १२. बालसंगति | आइतवार बिहान ८:३० बजे र दिउँसो ४:०० बजे |
| १३. **तमिल सेवा:** | **बिहान ८:०० बजे र १०:०० बजे आइतवार** |
| १४. **हिन्दी सेवा:** | **आइतवार साँझ ४:०० बजे** |
| १५. **तेलगू सेवा:** | **आइतवार साँझ ५:०० बजे** |
| १६. **अङ्ग्रेजी र तमिल सेवा:** | **आइतवार साँझ ६:०० बजे** |
| १७. पास्टरीय परामर्श: | आइतवार बेलुका ७: ३० बजे |
| १८. स्त्रीहरूको प्रार्थना: | बुधवार बेलुका ५:३० बजे |
| १९. मध्य-साता बाइबल अध्ययन: | बुधवार साँझ ६:३० बजे |
| २०. पुरुषको प्रार्थना: | शुक्रवार साँझ ७:०० बजे |
| २१. चेलापन बैठक: | शनिवार साँझ ६:०० बजे |
| २२. घरेलु संगति: | साँझ ६:३० मंगलवार र बिहीवार |
| २३. विशेष पवित्र प्रभुभोज: | प्रत्येक महिनाको पहिलो दिन ५:३० बजे |
| २४. सेवकाइ पुनरावलोकन बैठक: | पहिलो शनिवार साँझ ५:३० बजे |
| २५. अभिभावकको प्रार्थना: | पहिलो आइतवार साँझ ४:०० बजे |
| २६. रात्री प्रार्थना: | दोस्रो शुक्रवार राती ९:३० बजे |
| २७. उपवास प्रार्थना: | तेस्रो शनिवार बिहान ९:३० बजे |
| २८. प्रभुभोज सेवा: | दोस्रो आइतवार सेवा |
| 29. Youth / Kid Prayer | 10.00 p.m. daily |
| ३०. कर्मचारी आराधना सेवा: | प्रत्येक बिहान ९:०० बजे |
| ३१. कार्यालय समय: | बिहान ९ देखि बेलुकी ९ सम्म (आइतवार बाहेक) |

## बोलावटको प्रतिध्वनि पत्राचार कोर्स

### १. बाइबलकोर

बाइबलको आधारभूत सत्यतामा नयाँ ख्रीष्टियानहरू र गैह्रख्रीष्टियानहरूलाई अङ्ग्रेजी, हिन्दी र तामिल भाषामा हामीले पत्राचार कोर्स प्रस्तुत गर्छौं। तपाईंले **नयाँ जीवन – तपाईंको लागि** भन्ने शीर्षक भएको ७० पृष्ठको कोर्सको किताब पाउनुहुनेछ। तपाईंले यो कोर्स पूरा गरेपछि तपाईंलाई प्रमाणपत्र दिइनेछ। **कुनै पनि अनिवार्य शुल्कहरू यसमा लाग्नेछैन।** यो कोर्स भारतमा हुनुभएको व्यक्तिको लागि मात्र हुनेछ।

### २. ईश्वरशास्त्रीय पत्राचार कोर्स

पास्टरहरू, सुसमाचार प्रचारकहरू र ख्रीष्टियान अगुवाहरूका लागि ईश्वरशास्त्रीय पत्राचार कोर्स भनिने आधुनिक पत्राचार शिक्षा पनि उपलब्ध छ। यसको लागि शुल्क रु. १,०००/– लाग्नेछ। १४२ पाठहरू भएको ७ वटा पुस्तकहरू उपलब्ध गराइनेछ। तपाईंले **सेवकाइमा प्रमाणपत्र** पाउनुहुनेछ।

**बिस्तृत जानकारीको लागि:**


**The Chairman, Nehemiah Bible College,**
Echo of His Call, Post Box 2957
CHEPAUK, CHENNAI - 600 005.
Ph.: (044) 2852 8282, 2852 9293, 2854 7766,
Cell : 98410 71852, 95661 31858
E.mail : biblecor@yahoo.co.in



## WANTED

1. Office Staff with Computer Knowledge
2. Security, House Keeping & Cooks

**Echo of His Call,**
Chepauk, Chennai - 05.
***Telephone Numbers :***
**044 -2852 8282, 2852 9293, 2854 7766, +91 97908 05460**


## कर छुट

भारतबाट कुनै पनि व्यक्ति वा संस्थाबाट **Echo of his Call Educational Trust** लाई आउने सहयोग चन्दाहरूमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ। यस उद्देश्यको लागि आधिकारिक रसिद जारी गरिनेछ। कृपया यस्ता सहयोग चन्दाका लागि तपाईंका डिमाण्ड ड्राफ्टहरू/चेकहरू/मनी अर्डरहरू **Echo of his Call Educational Trust** को नाउँमा लेख्नु हुन र आयकर छुट पाउनको लागि तपाईंको आधारकार्ड र प्यान पनि हामीलाई पठाउनुहोला।

| | | |
|---|---|---|
| **Account Name** | : | **ECHO OF HIS CALL EDUCATIONAL TRUST** |
| **Account Number** | : | **1023 2923 805** |
| **Bank Name** | : | **STATE BANK OF INDIA** |
| **Branch** | : | **TRIPLICANE, CHENNAI - 600 005** |
| **IFSC Code** | : | **SBIN 0000249** |
| **SWIFT Code** | : | **SBI NIN BB 455** |



# खाडलबाट दरबार

## (पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

## “जसले पढ्छ, त्यसले बुझोस्” (मत्ती २४:१५)।

## परमेश्वरको अनुग्रह
## GRACE OF GOD!

**“राजकुमारहरूसित बसाल्नलाई तथा सम्मानको आसनको उत्तराधिकारी बनाउनलाई उहाँले दुर्बललाई धूलोबाट र दरिद्रलाई घुरानबाट उठाउनुहुन्छ...” (१ शमूएल २:८)।**

त्यो सुन्दर बिहानी थियो। त्यो आइतवारको बिहानीमा मेरो हजुरबुबा, हजुरआमा, आमा, बुबा र सबै सन्तानले लुगा लगाएका थिए र नेल्लाराइक्कोनाम भन्ने दक्षिण भारतको अत्यन्तै सानो गाउँमा भएको मण्डलीमा खुसीसाथ हिँड्दै जाँदैथिए। म १२ वर्ष भएको थिएँ र हरेक जनालाई हेरिरहेको थिए। ती हरेक जनासँग केही महत्वपूर्ण योग्यता थिए। ममा ध्यान दिनुपर्ने केही पनि कुरा छैन भनेर मैले महसुस गरें। म मण्डलीमा प्रभु येशू ख्रीष्टको आराधना गरिरहेको थिएँ। त्यो समयमा मभित्र ठूलो प्रश्न उब्जियो। प्रभु येशू ख्रीष्टले आफ्नो सम्पूर्ण “योग्यताहरू” छोड्नुभयो र सारा मानव जातिलाई यो नयाँ जीवन दिन यो संसारमा आउनुभयो। मैले आफैंलाई सोधें, “त्यसो भए मेरो पास्टरजस्तै परमेश्वरको सेवक म किन नबन्ने त?” त्यो दिन म त्यो मण्डलीमा हुँदा प्रभु येशू ख्रीष्ट मसँग स्पष्ट रूपमा बोल्नुभयो।

त्यो दिन पास्टरले अगमवक्ता शमूएलको बारेमा बोल्नुभएको थियो। उहाँको खण्डचाहिँ १ शमूएल तेस्रो अध्यायबाट थियो।

१ शमूएल ३:१-४ मा हामीले पढ्छौं कि ती दिनमा परमप्रभुको वचन विरलै दिइन्थ्यो र त्यहाँ बृहत् प्रकाश थिएन। त्यस्तो समयमा शमूएलले पवित्रस्थानमा प्रधान पूजहारी एलीको सेवा गर्थे र एक रात सुत्नको लागि गए। त्यो समयमा परमेश्वरले शमूएललाई बोलाउनुभयो। मेरो पास्टरले यो क्षणको बारेमा प्रचार गरिरहनुभएको थियो र परमेश्वरले त्यो केटो शमूएललाई इस्राएलमा न्यायकर्ता बन्न र महान् अगमवक्ता बन्न उचाल्नुभएको थियो भन्ने सत्यता घोषणा गर्नुभएको थियो।

ती वचन मेरो निम्ति अत्यन्तै महत्वपूर्ण थिए र ती मेरो जीवनलाई चलाउने केन्द्र बनेको थियो।

१. मैले मेरो मण्डली र मानिसहरूलाई प्रेम गरें। म हरेक शनिवार मण्डली जान सुरु गरें र स्थानहरू सफा गर्थें र कुर्सीहरू र बेन्चहरू सफा गर्थें। मण्डलीको प्राङ्गण पनि सफा गर्न मलाई रुची लाग्थ्यो। मैले ड्रम, ट्यामरिन र हार्मोनियमजस्ता सांगीतिक वाद्यवादनहरू सही स्थानमा राखिदिन्थें। पछि, मैले “सुसमाचार प्रार्थना व्याण्ड” नामक सानो सेवकाइको समूह व्यवस्थापन गर्थें र मण्डलीको मर्मतसम्भार र सेवकाइहरूमा हाम्रो मण्डलीलाई सहायता गर्न सुरु गरें।

२. मैले मेरा पास्टरहरूलाई मेरो भौतिक सहायता पनि प्रदान गरिरहेको थिएँ। म उहाँका झोलाहरू बोक्थे, उहाँका जुत्ताहरू सफा गरिदिन्थें र मेरो घरबाट बिहानीको खाजा, खाना र रातिको खाना पनि लैजान्थें र उहाँहरूलाई प्रदान गर्थें। त्यसकारण, मैले मेरा पास्टरहरू र परमेश्वरका अन्य सेवकहरूको पनि सेवा गरिरहें।

३. मैले मेरा मण्डलीका सदस्यहरूलाई राम्रो व्यवहार पनि गरें। म उहाँ सबैका निम्ति असल भाइ थिएँ र मैले उहाँहरूलाई हरेक तरिकामा सहायता गरें।

ममा असल सेवा गर्ने स्वभाव भए पनि ममा बोल्ने वरदान थिएन र म धेरै कुराहरू बिर्सन्थें पनि। मैले उच्च शिक्षा हासिल गरेको थिइनँ र मेरा साथीहरूको तुलनामा मसँग अत्यन्तै साना प्रतिभाहरू र वरदानहरू थिए भनेर मलाई थाहा थियो।

मेरो उमेरका मेरा साथीहरू राम्रो-स्थापित कलेजहरुमा अध्ययन गर्न गए, विशेष कोचिङको लागि गए, धेरै भाषाहरू सिके, कराँते सिकेर आफ्नो सीपहरू विकास गरे र आफ्नो ज्ञान विकास गर्न अन्य धेरै संस्थाहरूमा गए। तर मण्डलीमा र परमेश्वरका सेवकहरूलाई सेवा गर्ने क्षमता परमेश्वरले मलाई प्रदान गर्नुभयो।

परमप्रभु परमेश्वरले शमूएललाई उचाल्नुभएझैं मलाई पनि तल्लो स्थानबाट उचाल्नुभयो। २३ वर्ष जिम्मेवार र विश्वासयोग्य सरकारी सेवकको रूपमा मेरो पेशामा पनि परमेश्वरको सुसज्जित गर्ने उपस्थिति मसँग सधैं थियो। सरकारप्रति मेरो सेवाको प्रशंसाको रूपमा वास्तवमा यो प्रमाणित भएको थियो कि मेरो सेवकाइ गर्न पनि मलाई विशेष अनुमति प्रदान गरिएको थियो।

दुवै प्रकारका काममा प्रभावकारी रूपमा कार्य गर्न परमेश्वरले मलाई अनुमति दिनुभयो र मैले त्यसलाई आश्चर्यकर्मको रूपमा विचार गर्छु।

शमूएलले मण्डलीलाई प्रेम गरे र तयसलाई परमेश्वरको मानिसको सेवा गर्ने अवसरको रूपमा लिए। त्यसैले, परमेश्वरले तिनलाई आत्मिक राज्यमा महान् अगमवक्ताको रूपमा र इस्राएलको भूमिमा महान् न्यायकर्ताको रूपमा उचाल्नुभयो।

तपाईंले पनि आफ्नो मण्डली र आफ्ना पास्टरहरूलाई आदर गर्नुभयो र सेवा गर्नुभयो भने तपाईं निश्चय पनि महान् उचाइमा पुग्नुहुनेछ।

* * * * * * * * * * * * *

पृष्ठ ७ बाट

**महिमा प्रतिबिम्बित गर्दछौं अनि एउटा महिमादेखि अर्को महिमातिर उक्लँदै उहाँको रूपमा बद्लिँदैजान्छौं । परमप्रभुबाट यो आउँछ, जो आत्मा हुनुहुन्छ** (२ कोरिन्थी ३:१८) । परमेश्वरको वचनबाटको जानकारीले कुनै पनि मानिसलाई रूपान्तरण गर्न सक्छ ।

ज्योति रूपान्तरण गर्ने साधन हो । सुसमाचारको प्रकाशले ज्योति ल्याउँछ । हामीले मण्डलीमा किन प्रचार गर्छौं ? हामी किन मण्डलीमा सुन्नको लागि एक घण्टा बस्छौं ? त्यो जानकारी होइन । त्यो मुख्य ज्ञान होइन । यसले हामीलाई रूपान्तरण गर्छ । बिहानीको झिसमिसे ख्रीष्टजस्तै बन्नु हो । हामी रूपान्तर होऔं ।

बिहानीको झिसमिसेमा परमेश्वर आउनुहुनेछ र हामीलाई सहायता गर्नुहुनेछ भनेर म इमानदारपूर्वक प्रार्थना गर्छु । हामीले आफ्नो बिहानीको झिसमिसे प्राप्त गरौं । बिहानीको झिसमिसेमा ठूलो शक्ति रहेको छ । येशूले बिहानीको झिसमिसेमा मृत्युलाई तोड्नुभयो । येशू चिहानबाट बाहिर आउनुभयो । ज्योतिका येशू बिहानीको झिसमिसेमा बाहिर आउन छनोट गर्नुभयो । यो शक्तिशाली सत्यता हो ।

हाम्रो नयाँ करार बिहानीको झिसमिसेमा आधारित रहेको छ । पुनरुत्थानको घटना बिहानीको झिसमिसेमा घटेको थियो । बिहानीको झिसमिसेमा परमेश्वरको हरेक प्रतिज्ञा हो अनि आमेन हुन्छ । **यदि ख्रीष्ट मृतकबाट पुनर्जीवित पारिनुभएको होइन भनेता हाम्रो प्रचार व्यर्थ हुन्छ र तिमीहरूको विश्वास पनि व्यर्थ हुन्छ** (१ कोरिन्थी १५:१४) । बिहानीको झिसमिसेमा शक्ति छ । यो बिहानीको झिसमिसेको वर्ष हो ।

अन्त्यमा, हामीले याकूबको बारेमा सोचौं ।

सबैभन्दा पहिले बाइबलले भन्दछ, याकूबले बिहानीको झिसमिसे नभएसम्म परमेश्वरसँग कुश्ती लडे र त्यसपछि मात्रै तिनको परिवर्तन भएको थियो ।

**यसरी याकूबचाहिँ एक्लै छोडिए । अनि एक जना व्यक्ति उज्यालो नहोउन्जेल तिनीसित कुश्ती लडे । यी व्यक्तिले याकूबलाई जित्न नसकेका देखेर याकूबका कम्मरको खोक्रो भाग छोए र उनीसित कुश्ती लड्दालड्दै याकूबका कम्मरको गेडी फुस्क्यो । तब ती व्यक्तिले भने, "उज्यालो हुन लाग्यो । मलाई जान देऊ"** (उत्पत्ति ३२:२४-२६) ।

इस्राएलको सम्पूर्ण देश त्यहाँ जन्मिएको थियो । बिहानीको झिसमिसे अत्यन्तै शक्तिशाली हुन्छ । तपाईंले जे कुराको लागि प्रार्थना गरिरहनुभएको छ, तपाईंले जवाफ नपाएसम्म निरन्तर प्रार्थना गर्नुहोस्, नरोकिनुहोस् । याकूबले जस्तै निरन्तर प्रार्थना र कुश्ती लड्नुहोस् र तपाईंले बिहानीको झिसमिसेमा तपाईंको परिवर्तन पाउनुहुनेछ ।

दोस्रो, याकूब आफ्नो दाइले आक्रमण गर्न सक्छन् भनेर डराएका थिए र शान्तिको भेटीले एसावको रिसलाई शान्त बनाउन सक्थ्यो कि भनेर तिनलाई शान्तिको भेटी पठाएको थियो । तर वास्तवमा के भएको थियो त, परमेश्वरले बिना कुनै समयस्या दुई दाजुभाइको बीचमा शान्ति र पुनर्मिलाप हुन सक्षम बनाउनुभयो । तापनि, परमेश्वरले याकूबको कम्मरमा आक्रमण गर्नुभएको थियो । त्यो जम्काभेटपछि तिनको हिँडाइ रूपान्तर भएको थियो । हाम्रो जीवनमा परमेश्वरलाई काम गर्न देऔं, जब उहाँले काम गर्नुहुन्छ, हाम्रो हिँडाइ रूपान्तर हुनेछ । हामी पहिलेझैं हुनेछैनौं । याद राख्नुहोस्, परिवर्तनपछि नयाँ देश निर्माण भएको थियो र तपाईंको परिवर्तनपछि ती मौसमहरू आउनेछन् ।

ठूलो हलचल आउन लागेको छ भनेर म विश्वास गर्छु । ठूलो परिवर्तन । एउटा मौसम, जहाँ धेरै कुरा नियन्त्रित भएको, अन्धकारका तत्वहरूका साथमा कैदमा परेको । बिहानीको झिसमिसेमा केही कुरा सुरु हुन्छ । नयाँ अध्याय, नया परिवर्तनको मौसम । व्यक्तिगत रूपमा, परिवारको रूपमा, मण्डलीको रूपमा, देश । केही कुरा तोडिन लागेको छ ।

तर हामी तोडिनु आवश्यक हुन्छ । हामी नतोडिएसम्म हामी प्रवेश गर्न सक्नेछैनौं । जब सही समय आउँछ, जसरी आमा कुखुरा बस्छ र सही तापक्रममा ओथारो बस्छ, अण्डा फुट्छ र जीवन बाहिर आउँछ । कसरी तोडिने भनेर जबसम्म हामीलाई थाहा हुँदैन, हामीले जन्म दिन सक्दैनौं । बिहानीको झिसमिसेमा ज्योति हुन्छ तर ज्योतिले घोच्नुपर्छ । जब त्यसले नयाँ सुरुवात, पोर्टललाई तोड्छ, ज्योतिको नयाँ बहार आउनेछ ।

हामी सबैको निम्ति परिवर्तन आएको होस् । किनभने बिहानीको झिसमिसेमा परमेश्वरले हामीलाई सहायता गर्नुहुनेछ । तपाईं हल्लिनुहुनेछैन, परमेश्वर केन्द्रमा हुनुहुन्छ । त्यो आत्मविश्वासको साथमा हामी अगाडि बढौं ।

प्रभुले तपाईंलाई आशिष् देऊन् ।

************

**ST. PAUL'S MATRICULATION SCHOOL,**
**Medavakkam, Chennai - 100. (Christian Management)**

1. **English Teachers** for K.G., Primary, Middle & Secondary School
2. **Hindi Teachers** for Primary & Higher Classes
3. Physical Education Teacher
4. Security & House Keeping Staff

Free Accommodation available.

Also Office Staff (with Computer Knowledge) for our Head Office at Chepauk, Chennai – 5.

Apply to : **sam@echoofhiscall.org**
Phone No: **+91 97908 05460, 044-2852 8282**

RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/21-23 WPP NO. TN/PMG(CCR)/WPP-220/21-23

## बोलावटको प्रतिध्वनि

**यूट्यूब**

जब तपाईंको समय हुन्छ कृपया हाम्रो Echo of His Call You Tube च्यानल हेर्नुहोला र सस्क्राइब गरिदिनुहोला । – सम्पादक

## OUR BANK DETAILS:

### *1. Bank : State Bank of India*

Branch : **Triplicane, Chennai-5**
Name : **S. Sam Selva Raj**
A/C No. : **1023 2934 679**
IFSC : **SBIN 00 00 249**
SWIFT CODE : **SBI NIN BB 455**

### *2. Bank : ICICI Bank*

Branch : **Anna Salai, Chennai-6**
Name : **Echo of His Call**
A/C No. : **6038 0502 2319**
IFSC : **ICIC 000 6038**

### *3. Bank : State Bank of India*

**(This Account is for Tax Exemption for Indians only )**

Branch : **Triplicane, Chennai-5**
Name : **Echo of His Call Educational Trust**
A/C No. : **1023 2923 805**
IFSC : **SBIN 00 00 249**

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**

*****

**E.mail : sam@echoofhiscall.org**

# ECHO OF HIS CALL

Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.

**Annual Subscription : Rs. 100/-** **Life Subscription : Rs. 2000/-**

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.**) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :

**ECHO OF HIS CALL**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.com

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

**RNI NO. TNNEP/2000/2841**
**Postal Regn. No. TN/CH/(C)/194/21-23**
**WPP NO. TN/PMG(CCR) / WPP- 220/21-23**
**Date of Publication: Third week of every month**
**Date of Posting : 15th & 16th of every month**
**Posted at "Egmore RMS / 1 Patrika Channel"**
**on 16th MAY 2023**

**If un-delivered please return to:**

**ECHO OF HIS CALL (NEPALI)**
**P.O. Box No. 2957,**
**Chepauk, Chennai - 600 005, INDIA.**
**Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766**

***JESUS LOVES YOU!***

**To**

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by **S. Sam Selva Raj** at **Echo of His Call Printers,** New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**